मितिः २०८२/०४/२८
समयः बिहान ८.०० बजे
स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्रीं कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | Ambika |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

**अन्य उपस्थितीः-**

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृतस्तर दशौं | |
| २ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ३ | श्री कञ्चन खनाल | वरिष्ठ इञ्जिनियर | |
| ४ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ५ | श्री स्वस्तिका अर्याल | शाखा अधिकृत | |
| ६ | श्री प्रेम बहादुर गिरी | वरिष्ठ आ.ले.प.अधिकृत | |
| ७ | श्री सन्दीप गिरी | इञ्जिनियर | |
| ८ | श्री संजित के.सी. | वरिष्ठ सहायक | |
| ९ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |

**प्रस्तावः-**

१. भू-उपयोग नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा ।

२. बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२/०४/०८, च.नं. ५८ को वित्तीय हस्तान्तरण सम्बन्धी पत्रको जानकारी सम्बन्धमा ।

३. विविध ।

# निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८२/०३/०८ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

मालपोत कार्यालय, कलंकीको प.सं. ०८२/८३, च.नं. ७०३, मिति २०८२/०४/२२ को कित्ताकाट सम्बन्धमा यथाशिघ्र कित्तागत विवरण सहितको भू-उपयोग क्षेत्र वर्गीकरण सम्पन्न गरी सोको जानकारी यस कार्यालयलाई समेत गराई दिनुहुन व्यहोराको पत्र प्राप्त हुन आएको साथै भू-उपयोग नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम भू-उपयोग क्षेत्र वर्गीकरण सम्पन्न नहुँदा हाल अधिकांश स्थानीय तहको कित्ताकाटको काम रोकिएको भन्ने सुन्नमा आएको र यस कार्यालयमा कित्ताकाट रोकिएको भन्ने जनगुनासो आइ रहेको हुँदा यथाशिघ्र कित्तागत विवरण सहितको भू-उपयोग क्षेत्र वर्गीकरण सम्पन्न गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिकामा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री रण्धीर कुमार यादवलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं मार्फत वैदेशिक अध्ययन छात्रवृत्तिमा मनोयन गर्ने सम्बन्धमा Thailand International Cooperation Agency (TICA) Mae Fah Luang University, Thailand मा Master of Public Health in Border Health Management कार्यक्रमका लागि मनोनयन भई श्री परराष्ट्र मन्त्रालय मार्फत Note no. SEAP/6.4/6950 अनुसार Royal Thai Embassy काठमाडौंको पत्रानुसार Mae Fah Luang University, Thailand मा Master of Public Health in Border Health Management कार्यक्रममा भर्ना समेत भएको हुँदा बागमती प्रदेश स्थानीय सेवाको गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ५९ को उपदफा १ र ४ बमोजिम मिति 4 August, 2025 देखि 31 July, 2027 तदानुसार २०८२ साल श्रावण २० देखि २०८४ साल श्रावण १५ गते सम्म २ (दुई) वर्षको तलबी अध्ययन बिदा स्वीकृत गरिएकोमा सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ मा यस नगरपालिका अन्तर्गत वडा नं. ४ र ७ छनौट गरी मेड्पा मोडेल अनुसार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिका अन्तर्गत वडा नं. ९ स्थित नागार्जुन पुष्पकन्या खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको निवेदन अनुसार निवेदक उपभोक्ता समितिको बोरिङ्गबाट आएको पानी पिउन योग्य नभएकोले फिल्टर प्लान्टमा पानी ट्यांकी थप गर्न पर्ने भएकोले १०,०००/- लिटरको पानी ट्याङ्की यस नगरपालिकाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी निवेदक उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

आ.व. २०८२/०८३ को लागि काठमाडौं जिल्लाको जिल्ला दररेट निर्धारण समितिबाट निर्धारण गरिएको ज्यालादर तथा निर्माण सामाग्रीहरूको स्वीकृत दररेट यस नगरपालिकामा लागू गर्ने निर्णय गरियो ।